# गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनको विधान २०१०

**प्रस्तावना**

नेपालको विकास र प्रवर्द्धनमा टेवा पऱ्याउन, विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैर आवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सन् २००३ मा लण्डनमा सम्पन्न गैर आवासीय नेपालीहरुको एक भेलामा व्यापक छलफल भइ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको रुपमा स्थापित गैर आवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रहि चीनमा विविध गतिविधि सञ्चालन गर्न इस्वी संम्बत २०१० ,जुन महिनाको १९ तारिखका दिन चीनको ग्वाङ्जौमा सम्पन्न भेलाको निर्णय बमोजिम रीष्ट्रिय समन्वय परिषद गठन एवं सञ्चालनका लागि यो विधान लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संस्थाको नामः यो संस्थाको नाम गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीन रहने छ । अंग्रेजीमा " Non Resident Nepali Association National Coordination Council China" छोटकारीमा NRNA–NCC-CHINA भनिनेछ ।

- १.१ यो विधान गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनको राष्ट्रिय महाधिवेशनले पारित गर्ना साथ लागु हुनेछ ।
- १.२ यो संस्थाको कार्यालय चीनको ग्वाङ्जौमा रहने छ ।
- १.३ यो संस्था गैर नाफा मुलक, अविछिन्न उत्तराधिकारवाला, गैर राजनैतिक, सामाजिक संस्था रहने छ ।
- १.४ यसै विधानको अनुसुची बमोजिम लोगो, लेटर हेड, सदस्यता परिचय पत्र र संस्थाको छाप र सपथ रहनेछ ।

२. **परिभाषा**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानमा

- २.१ “संघ” भन्नाले गैर आवासीय नेपाली संघलाई बुझाउनेछ ।
- २.२ “राष्टिय समन्वय परिषद” भन्नाले राष्ट्रिय समन्वय परिषद चीनलाई बुझाउनेछ ।
- २.३ “अध्यक्ष” भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको अध्यक्षलाई बुझाउने छ ।
- २.४ उपाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको उपाध्यक्षलाई बुझाउने छ ।
- २.५ संयोजक भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको संयोजकलाई बुझाउने छ ।
- २.६ सह-संयोजक भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको सह संयोजकलाई बुझाउने छ ।
- २.७ कोषाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको कोषध्यक्षलाई बुझाउने छ ।
- २.८ परिषद सदस्य भन्नाले राष्ट्रिय समन्वय परिषद चीनको कार्य कारिणी समितिको सदस्यलाई बुझाउने छ ।
- २.९ सल्लाहकार भन्नाले राष्ट्रिय समन्वय परिषद चीनले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।
- २.१० मानार्थ सदस्य भन्नाले गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद चीनको सिफरिसमा चयन गरिएको संघको मानार्थ सदस्यलाई बुझाउनेछ ।
- २.११ सम्बद्ध सदस्य भन्नाले गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषदक चीनको सिफरिसमा चयन गरिएको संघको सम्बद्ध सदस्यलाई बुझाउनेछ ।
- २.१२ साधारण सदस्य भन्नाले नेपालको चालु आर्थिक वर्षमा १८२ दिन भन्दा बढि दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा अध्ययन पेशा व्यावसाय गरी बसोवास गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरु लाई बुझाउनेछ ।
- २.१३ पञ्जिकृत सदस्य भन्नाले साधारण सदस्यले गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पुर्वक राष्ट्रिय समन्वय परिषद चीनले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।
- २.१४ दर्ता शुल्क भन्नाले गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनले राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा विभिन्न सेमीनारहरुमा सहभागिताकालागि तोकेको शुल्क लाई बुझाउने छ ।
- २.१५ माशिक शुल्क भन्नाले राष्ट्रिय समन्वय परिषदक चीनले परिषदका पदाधिकारी सदस्यहरु, पञ्जिकृत सदस्यहरु वा साधारण सदस्यहरुकालागि तोकिएको नियमित माशिक शुल्कलाई बुझाउनेछ ।
- २.१६ एक वचन शब्दले बहुवचनलाई समेत बुझाउने छ ।
- २.१७ पुलिंगी शब्दले स्त्रीलिङ्गी शब्दलाई समेत बुझाउने छ ।
- २.१८ व्यक्ति शब्दले कानूनी वा प्राकृतिक दुवैलाई बुझाउने छ ।

## परिच्छेद २
## उदेश्य

**३ उदेश्यहरु :-**

गैर आवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही चीनमा वस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्य बमोजिम क्रियाशिल रहनु नै गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनको उद्देश्य रहनेछ । यी उद्देश्यहरु प्राप्त गर्नका लागि गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

३.१. चीनमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने ।

३.२. चीनमा रहेका गैर आवासीय नेपालीको पुंजी र मानव संसाधनलाई नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसाग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने ।

३.३. चीनमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।

३.४. चीनका विभिन्न लगानी गर्ने व्यक्ति वा संस्थाहरुलाई नेपालमा लगानी गराउन आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने ।

३.५ अन्तराष्ट्रिय समन्वय परिषदका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न

३.६ चीनमा रहेका गैर आवासीय नेपालीहरुको हितमा आवश्यक कार्यक्रमहरु संचालन गर्ने

३.७ चीनमा क्रियाशिल विभिन्न नेपालीहरुको संघ संस्थाहरुलाई समन्वय गर्दै गैर आवासीय नेपाली संघलाई साझा संस्थाको रुपमा विकसित गर्ने

## परिच्छेद - ३
## सदस्यता

**४.सदस्यता :-**

कानून बमोजिम गैर आवासीय नेपालीको हैसियत कायम रहेसम्म गैर आवासीय नेपाली संघको सदस्यता कायम रहनेगरि संघको विधानको अनुसुचि ५ बमोजिमको सदस्यता परिचय पत्र संघको विधानको धारा ९.१ बमोजि प्रदान गरिनेछ । संघका सदस्यता देहाय बमोजिम चार प्रकारका हुनेछन् ।

**४.१. साधारण सदस्य** :-

नेपालको चालु अर्थिक वर्षमा १८२ दिन भन्दा बढि चीनमा अध्ययन पेशा रोजगारी वा व्यावसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिक यस संघका साधारण सदस्य हुनेछन् ।

**४.२. पञ्जिकृत सदस्य :-**

राष्ट्रिय समन्वय परिषद चीनबाट सदस्यता प्राप्त गर्ने व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् । पञ्जिकृत सदस्यले राष्ट्रिय महाधिवेशन, वा अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन वा मतदान गर्न वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचित हुने पदको लागि उम्मेदवारी दिन योग्य मानिनेछ ।

**४.३. सम्बद्ध सदस्य :-**

नेपाललाई सहयोग र प्रवर्द्धन गर्न चाहने गैर नेपाली मूलको व्यक्ति वा संस्था संघको सम्वद्ध सदस्य हुनेछ । यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, साधारण सभा र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् । तर यस्तो सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद् वा अन्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

**४.४. मानार्थ सदस्य :-**

चीनमा रहेका गैर आवासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुलाई मानार्थ सदस्यताकालागि राष्ट्रिय समन्वय परिषद चीनको सिफरिसमा

अन्तराष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुनेछैन ।

**५. सदस्यताको लागि योग्यता :-**

देहायको योग्यता पुगेको व्यक्तिहरु संघको पञ्जिकृत सदस्य हुनेछन् ।

५.१. नेपालको चालु अर्थिक वर्षमा १८२ दिन भन्दा बढि चीनमा अध्ययन पेशा रोजगारी वा व्यावसाय गरी बसोवास गरी रहेको ।

५.२. नेपाली नागरिक वा नेपाली मूलको विदेशी नागरिक भएको

५.३. १८ वर्ष उमेर पुरा भएको ।

**६. सदस्यता शुल्क र सदस्यको विवरण :-**

६.१ गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद चीनले गैर आवासीय नेपाली संघको विधानको धारा ९.२ बमोजिम अन्तराष्ट्रिय समन्वय परिषदले तोकेबमोजिमको सदस्यता शुल्क लिइ रित पुर्वक पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

६.२. पञ्जिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषदको कोषमा बाधिने छ ।

६.३. राष्ट्रिय समन्वय परिषद चीनले आवश्यक ठानेमा अतिरिक्त शुल्क तोक्न सक्नेछ । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषद चीनको कोषमा रहनेछ ।

६.४ राष्ट्रिय समन्वय परिषद चीनले पञ्जिकृत सदस्यहरुको विवरण अन्तराष्ट्रिय समन्वय परिषद्लाई पठाउने छ ।

**७. सदस्यताको समाप्ति एवं सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**

७.१. प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरणयोग्य हुनेछैन ।

७.२. यस विधान, गैर आवासीय नेपाली संघको विधान र राष्ट्रिय समन्वय परिषदका अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

७.३. पञ्जिकृत सदस्यहरुलाई चीनको राष्ट्रिय महाधिवेशन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा कुनै पनि निर्वाचित हुने पदमा उम्मेदवार हुन वा मतदान गर्ने हक हुनेछ ।

७.४. सम्बद्ध सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक हुनेछैन ।

७.५. कुनै पनि सदस्यहरुले लिखित रुपमा एक महिनाको सूचना राष्ट्रिय समन्वय परिषद चीनको अध्यक्षलाई दिएर संघको सदस्यता परित्याग गर्नको लागि निवेदन गर्न सक्नेछ । निवेदन स्वीकृत भएमा राष्ट्रिय समन्वय परिषद चीनले तोकेको मितिबाट नीजको संघको सदस्यता अन्त्य हुनेछ ।

## परिच्छेद ४
## राष्ट्रिय महाधिवेशन

**८ राष्ट्रिय महाधिवेशन**

८.१. प्रत्येक २ वर्षमा कम्तिमा एक पटक राष्ट्रिय समन्वय परिषद चीनको राष्ट्रिय महाधिवेशन गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय महाधिवेशन सम्पन्न हुने मिति बढिमा ६ महिना बांकी रहने गरि सम्पन्न गर्नु पर्नेछ ।सोही राष्ट्रिय महाधिवेशनले नै अन्तराष्ट्रिय समन्वय परिषदकालागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ । राष्ट्रिय महाधिवेशनका कार्यहरु देहाय बमोजिम हुनेछ :

८.१.१ राष्ट्रिय समन्वय परिषद चीनको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

८.१.२ राष्ट्रिय समन्वय परिषद चीनको कार्यकारी समितिको निर्वाचन गर्ने ।

८.१.३ गैर आवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदमा चीनको प्रतिनिधि चयन गर्ने ।

८.१.४ संघको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरु तय गर्ने ।

८.१.५ आवश्यक्तानुसार राष्ट्रिय समन्वय परिषद चीनको यस विधानको संशोधन गर्ने ।

८.१.६ गैर अवासीय नेपाली संघको नीति तथा कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका लागि तर्जुमा गर्ने ।

८.१.७ राष्ट्रिय समन्वय परिषद चीन अन्तर्गतका विभिन्न विभागहरु, समितिहरुका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

८.१.८ राष्ट्रिय समन्वय परिषदका सयोजकको सांगाठानिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।

८.२. राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषद चीनले पञ्जिकृत सदस्यता प्रदान गरेका पञ्जिकृत सदस्यहरु, गैर आवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरु स्वतः सहभागि बन्न पाउने छन् । राष्ट्रिय समन्वय परिषद चीनले तोके बमोजिमका पर्यवेक्षक तथा चीनमा रहेका मानार्थ तथा सम्बद्ध सदस्यहरुले भाग लिन पाउने छन् ।

## ९. राष्ट्रिय समन्वय परिषद चीनको विशेष अधिवेशन

राष्ट्रिय समन्वय परिषदका दुइ तिहाइ बहुमत सदस्यहरुले विशेष राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा अन्तराष्ट्रिय समन्वय परिषदको परामर्श बमोजिम विशेष अधिवेशनको माग गर्न सक्नेछन् । विशेष महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष महाधिवेशन बस्नु पर्नेछ । विशेष महाधिवेशनको अध्यक्षता राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार दुई उपाध्यक्ष मध्ये राष्ट्रिय समन्वय परिषदले तोकेका एक जनाले विशेष महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष महाधिवेशनमा धारा ८.२ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष राष्ट्रिय महाधिवेशनले महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

# परिच्छेद ५
# राष्ट्रिय समन्वय परिषद

## १० राष्ट्रिय समन्वय परिषद गठन

१०.१. राष्ट्रिय समन्वय परिषद चीनको कार्यसमिति देहाय बमोजिमको हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | २ |
| संयोजक (महासचीव) | १ |
| सह संयोजक (सचीव) | १ |
| कोषाध्यक्ष | १ |

सदस्य चीनको आवश्यक्ताअनुसार न्युनतम ४ जना देखि अधिकतम २१ जना र ती २१ जना मध्येबाट निर्वाचित संख्या र मनोनित संख्या तय गर्ने)

१०.२. राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

## ११. अन्तराष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम कर्तव्य र अधिकारहरु

### ११.१. अध्यक्ष :

११.१.१ राष्ट्रिया समन्वय परिषद चीनको प्रंमुखका हैसियतले कार्य गर्ने ।

११.१.२ राष्ट्रिय समन्वय परिषदका नियमित वैठकहरुको, राष्ट्रिय महाधिवेशनको खुलासत्रको अध्यक्षता गर्ने ।

११.१.३ राष्ट्रिय समन्वय परिषदले अन्यथा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने ।

११.१.४ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने

११.१.५ राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई जिम्मेवारी तोक्ने

११.१.६ विभिन्न विभागहरु, समितिहरुको प्रमूखहरु, क्षेत्रीय अध्यक्षहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

११.१.७ अन्तराष्ट्रिय समन्वय परिषद सदस्यसमक्ष राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु पेश गर्न संयोजकलाई निर्देशन दिने ।

११.१.८ राष्ट्रिय समन्वय परिषदले तोकेको अन्य काम कर्तव्य पूरा गर्ने ।

११.१.९ वैठक बोलाउन संयोजकलाई निर्देशन दिने ।

११.१.१० आवश्यक परेमा आकस्मिक वैठक बोलाउने र आकस्मिक बैठकले गरेका निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउने ।

**११.२. उपाध्यक्ष :**

११.२.१ राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

११.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने ।

११.२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.३. संयोजक (महासचीव) :**

११.३.१ राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

११.३.२ राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने र वैठकका निर्णयहरु माइन्यूट गर्ने

११.३.३ राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको अभिलेख राख्ने र क्षेत्रीय सचिवहरुबाट रिपोर्ट लिने, पत्रचार गर्ने, ।

११.३.४ सांगठनिक प्रगति प्रतिवेदन राष्ट्रिय महाधिवेशनमा पेश गर्न तयार गर्ने ।

११.३.५ अध्यक्षको निर्देशन बमोजिम वैठक बोलाउने । वैठकका एजेण्डाहरु तय गर्ने ।

११.३.६ राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.४. सह संयोजक (सचीव):**

११.४.१ आवश्यक्ता अनुसार संयोजकलाई सहयोग गर्ने ।

११.४.२. संयोजको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।

११.४.३. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.५. कोषाध्यक्ष :**

११.५.१. राष्ट्रिय समन्वय परिषद चीनको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।

११.५.२. राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पञ्जिकृत सदस्यता शुल्क अन्तराष्ट्रिय समन्वय परिषदमा संघको विधानमा तोकिएको मिति बमोजिम पठाउने ।

११.५.३ राष्ट्रिय समन्वय परिषद चीनको कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने

११.५.४ राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनाका लागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।

११.५.५ राष्ट्रिय महाधिवेशनमा वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुमा राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।

११.५.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख रखाइमा अन्तराष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग लिने ।

११.५.७ अर्ध वार्षिक विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा अन्त राष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तराष्ट्रिय समन्वय परिषदमा पठाउने ।

११.५.८ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको अर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषद सदस्यहरुलाई पठाउने ।

११.५.९ विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.६. निर्वाचित तथा मनोनित सदस्य**

११.६.१ राष्ट्रिय समन्वय परिषद सदस्यले राष्ट्रिय समन्वय परिषद चीनबाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने ।

११.६.२ राष्ट्रिय समन्वय परिषदको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

११.६.३ चीनमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयर गरि वैठकमा संयोजक मार्फत छलफलकालागि पेश गर्ने ।

११.६.४ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

११.६.५ अन्तराष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विबिध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने ।

११.६.६. अन्तराष्ट्रिय समन्वय परिषद तथा राष्ट्रिय समन्वय परिषद चीनबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

११.६.७ तोकिएका अन्य कामहरु गर्ने

## १२. राष्ट्रिय समन्वय परिषदको काम कर्तव्य र अधिकार

१२.१. राष्ट्रिय समन्वय परिषद चीनले संघको पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

१२.२. राष्ट्रिय समन्वय परिषद चीनले गैर आवासीय नेपाली संघको विधानको वृहत संरचना भित्र रही क्षेत्रीय वा शाखा समितिहरु गठन गर्ने , विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्नेछ ।

१२.३. राष्ट्रिय समन्वय परिषद चीनले संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने परिषदको कुनै पनि सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्नेछ । यस प्रकार निस्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद चीनको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तराष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन् र अन्तराष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ ।

१२.४. राष्ट्रिय समन्वय परिषद चीनले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको अर्धवार्षिक विवरण अन्तर्राष्ट्रिय क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

१२.५. राष्ट्रिय समन्वय परिषद चीनले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमकालागि आवश्यक रहेमा दर्ता शुल्क तोक्न सक्नेछ ।

१२.६. राष्ट्रिय समन्वय परिषद चीनले पञ्जिकृत सदस्यता विवरण सदस्यता वितरण गरेको मितिले ३० दिन भित्र अन्तराष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ । र सदस्यता शुल्क प्रत्येक ६ महिनामा एक मुष्ठ अन्तराष्ट्रिय परिषदलाई पठाउनु पर्नेछ ।

१२.७. राष्ट्रिय समन्वय परिषद चीनले संघको अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्ने र दर्ता विवरण संघको सचिवालयलाई पठाउनु पर्नेछ ।

१२.८. राष्ट्रिय समन्वय परिषद चीनले आवश्यक्तानुसार गैर आवासीय नेपाली संघको उदेश्य प्राप्तीकालागि राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका विविध कार्यक्रमहरु आयोजना गर्नेछ ।

## १३ राष्ट्रिय समन्वय परिषदको वैठक

१३.१ राष्ट्रिय समन्वय परिष्दको वैठक कार्य समितिले ले तोके बमोजिम हुनेछ ।

१३.२ वैठकमा अन्तराष्ट्रिय समन्वय परिषद सदस्यको सहभागिता रहनु पर्नेछ ।

## परिच्छेद ६
## क्षेत्रीय समिति

**१४ क्षेत्रीय समितिको गठन काम कर्तव्य र अधिकार**

१४.१ राष्ट्रिय समन्वय परिषद चीनले चीनको भुबनोट तथा गैर आवासीय नेपालीहरुको बसोवासलाई ध्यानमा राख्दै सबैको उचित सहभागिता र संघको बृहत्तर गतिविधिकालागि विभिन्न क्षेत्रीय समितिहरु गठन गर्नेछ ।

१४.२ क्षेत्रीय समिति राष्ट्रिय समन्वय परिषद चीनको मातहत रहने छ ।

१४.३ क्षेत्रीया समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| सह सचिव | १ |
| कोषाध्यक्ष | १ |

सदस्य संख्याको हकमा भने राष्टिय समन्वय परिषदले तोकेबमोजिम हुनेछ ।

१४.४ क्षेत्रीय समितिको अधिवेशन राष्ट्रिय समन्वय परिषद चीनले तोके बमोजिम हुनेछ ।

१४.५ क्षेत्रीय समितिको गठन गर्ने वा विघठन गर्ने वा समितिको पदावधि तोक्ने अधिकार राष्ट्रिय समन्वय परिषदलाई हुनेछ । तर पदावधि तोक्दा राष्ट्रिय समन्वय परिषदको पदावधि भन्दा लामो हुनेछैन ।

१४.६ क्षेत्रीय समितिको काम कर्तव्य अधिकार राष्ट्रिय समन्वय परिषदले तोके बमोजिम हुनेछ ।

१४.७ सम्बन्धित क्षेत्रका पञ्जिकृत सदस्यहरु मध्येबाट राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन प्रतिनिधि संख्या तोक्ने छ ।

**१५ पद रिक्तता र पद पुर्ति**

१५.१ राष्ट्रिय समन्वय परिषद चीनको कार्य समिति तथा त्यस मातहत गठित विभिन्न क्षेत्रीय समितिका पदाधिकारी सदस्यहरुको देहायको अवस्थामा पद रिक्त हुनेछ ।

१५.१.१ गैर आवासीय नेपालीको हैसियत समाप्त भएमा

१५.१.२ नीजले रित पुर्वक राजिनामा गरि सम्बन्धित समितिले राजिनामा स्वीकृत गरेमा

१५.१.३ व्यक्तिगत कारणले स्थायी रुपमा चीन बाहिर जानु परेमा

१५.१.४ वैठकको सुचना प्राप्त गरेको ठोस प्रमाण रहेको तर विना सुचना लगातार तीन पल्ट वैठकमा अनुपस्थित भएमा ।

१५.१.५ नीजको मृत्यू भएमा ।

१५.१.६ संस्थाको अहित हुने गतिविधिमा लागि राष्ट्रिय समन्वय परिषदले कारवाही गरि सो कारवाही अन्तराष्ट्रिय समन्वय परिषदबाट पनि सदर भएमा नीज वहाल रहेको पद रिक्त हुनेछ ।

१५.२ यो विधानको धारा १५.१ बमोजिम रिक्त हुन आएको पदमा देहाय बमोजिम पद पुर्ति गरिनेछ ।

१५.२.१ राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुको हकमा राष्ट्रिय समन्वय परिषदले र क्षेत्रीय समितिका पदाधिकारी वा सदस्यको हकमा क्षेत्रीय समितिले बाँकी अवधि सम्मकालागि पद पुर्ति गर्नेछ ।

## परिच्छेद ७
## कोष तथा लेखा परिक्षण

**१६. कोष**

१६.१ राष्ट्रिय समन्वय परिषद चीनको आफ्नो कोष हुनेछ, जसमा सदस्यता शुल्क, सरकारी अनुदान, व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, प्रकाशन सामग्रीहरुको विक्रि वितरणबाट प्राप्त रकम, विभिन्न कार्यक्रमहरुको आयोजनाबाट प्राप्त रकमको आम्दानी बाँधिने छ ।

१६.२. कोषको रकम राष्ट्रिय समन्वय परिषदको नाममा बैङ्कखाता खोली जम्मा गरिने छ ।

१६.३ राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरि अध्यक्ष वा संयोजकको हस्ताक्षरबाट उक्त खाता सञ्चालन गरिने छ ।

१६.४ राष्ट्रिय समन्वय परिषदले नियुक्त गरेका लेखा परिक्षक द्वारा वार्षिक रुपमा लेखा परिक्षण गरिनेछ ।

१६.५ लेखा परिक्षकको प्रतिवेदन अन्तराष्ट्रिय समन्वय परिषद, राष्ट्रिय समन्वय परिषद चीनका सम्पूर्ण पदाधिकारी सदस्यहरु र चीनका सम्पूर्ण पञ्जिकृत सदस्यहरुलाई उपलब्ध गराइनेछ ।

## परिच्छेद ८
## निर्वाचन तथा मतदान

**१७ निर्वाचन समिति**

१७.१ राष्ट्रिय समन्वय परिषदको कार्यकारिणी समितिको निर्वाचन प्रयोजनकालागि कार्यकारिणी समितिले एक आयूक्त र २ सदस्य सहित जम्मा ३ सदस्यीय निर्वाचन समितिको गठन गर्न सक्नेछ। तर यो समितिले अधिवेशनको वन्द सत्रका प्रतिनिधिहरुबाट अनुमोदन लिनु पर्नेछ। अनुमोदन नभएमा महाधिवेशनले तोके बमोजिम हुनेछ। क्षेत्रीय समितिहरुको निर्वाचनकालागि भने राष्ट्रिय समन्वय परिषदले तोकेका आयुक्तले छनोट गरेका २ जना सदस्यले निर्वाचन सम्पन्न गर्नेछन्।

१७.२ राष्ट्रिय महाधिवेशनबाट अनुमोदित निर्वाचन समितिले देहाय बमोजिम निर्वाचन सम्पन्न गर्नेछ।

१७.२.१ निर्वाचन एक व्यक्ति एक मतको शिद्धान्त बमोजिम सम्पन्न हुनेछ।

१७.२.२ निर्वाचनमा मतदान गर्न वा उम्मेदवार बन्न राष्ट्रिय महाधिवेशनको तोकिएको मितिले एक महिना अगावै पञ्जिकृत सदस्यता लिइ सकेको हुनु पर्नेछ।

१७.२.३ निर्वाचन प्रयोजनकालागि निर्वाचन समितिले मतदाता नामावली पकाशित गर्नेछ।

१७.२.४ निर्वाचन समितिले निर्वाचन कार्यविधि तोक्नेछ।

१७.२.५ अन्तराष्ट्रिय समन्वय परिषदमा चीनको प्रतिनिधि बन्नकालागि प्रतिनिधि चयन गर्दा राष्ट्रिय महाधिवेशनमा सहभागि सम्पूर्ण योग्य मतदाताहरुले मतदान गर्न पाउनेछन्

१७.२.६ निर्वाचन समितिले निर्वाचित पदाधिकारी सदस्यहरुलाई प्रमाण पत्र प्रदान गर्नेछ।

## परिच्छेद ९
## विविध

**१८ विधानको व्याख्या**

यो विधानको व्याख्या गर्ने अधिकार अन्तराष्ट्रिय समन्व परिषदको विधान समितिमा निहित रहने छ।

**१९. विधानको संसोधन**

यस विधानको कुनैपनि धारा उपधाराको संसोधन खारेजी तथा थपघट वा परिवर्तन गर्ने प्रस्ताव कार्यकारी समितिको सदस्यहरुमध्येबाट २५ प्रतिशतले पेश गर्न सक्ने छ। तर प्रस्ताव पेश गर्नु अघि अन्तराष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तराष्ट्रिय समन्वय परिषदको परामर्श लिनु पर्नेछ। यसरी पेश गरिएको प्रस्ताव विशेष अधिवेशनद्धारा दुई तीहाई बहुमतको आधारबाट पारित गर्न सक्ने छ। विधानको कुनै पनि धाराहरु खारेज वा संसोधन गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तुरुन्त लागु हुने छ।

**२०. अन्य संघ संस्थाहरुसंगको सहकारिता**

राष्ट्रिय समन्यव परिष्दले यस विधानमा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि नेपाली एवं गैर नेपाली संघ संस्थाहरु साग सहकार्य तथा विभिन्न गतिविधिको समन्वय गर्न सक्नेछ।

**२१. राष्ट्रिय समन्वय परिषदको विघटन**

गैर आवासीय नेपाली संघको विधानको धारा १७.६, १७.७ बमोजिम कार्वाही भएमा वा सम्पूर्ण पञ्जिकृत सदस्यहरुको साधारण बहुमतले चाहेमा राष्ट्रिय समन्वय परिषद विघटन हुनेछ। राष्ट्रिय समन्वय परिषद विघटन भएको मितिले बढिमा ३ महिना भित्र विशेष राष्ट्रिया महाधिवेशनको बैठकबसी नया राष्ट्रिय समन्वय परिषदको निर्वाचन सम्पन्न गर्नु पर्नेछ। राष्ट्रिय समन्वय परिषद विघठन भइ नया कार्य समिति नबनेमा संस्थाको सम्पत्ति तथा कोष स्वतः चीनको प्रचलित कानून्ले वर्जित गरेकोमा बाहेक अन्तर्राष्ट्रिय समन्वय परिषदलाई हरुतान्तरण गरिनु पर्नेछ।

**२२. लागू हुने कानून**

यो विधान र राष्ट्रिय समन्वय परिषदको हकमा चीनको प्रचलित कानून्ले वर्जित गरेको हद बाहेक गैर आवासीय नेपाली संघको विधान लागू हुनेछ।

## अनुसूची-१

**संघको प्रतिक चिन्ह**

दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजीभाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ ।

**प्रतिक चिन्हको नमुना**

उदाउँदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्थ वृत्तहरुको घेराले पुथ्वीको प्रतिनिधित्व गर्छ ।

## अनुसूची-२

**कार्यालयको छाप**

संघको अन्तराष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैर आवासीय नेपाली संघ ", "Non-Resident Nepali Association" लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA ठीक त्यसकैको मुनि NCC-CHINA) लेखिएको अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको ठीक माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ ।

## अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

## अनुसुची - ४

आवेदन फारमको नमुना

## अनुसुची - ५

संघको परिचयपत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

## अनुसुची - ६

**शपथ**

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम ,उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग

गर्ने कार्य गर्ने छैन । म गैर आवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताकासाथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

समाप्त